लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय
बिजुवार, प्यूठान
☎ ०८६-४६०१४३
sddopyuthan@gmail.com
www.sddopyuthan.lumbini.gov.np

प.सं.: २०८१/०८२
च.नं.:

## विद्यालय स्वास्थ्यकर्मी पदका लागि दरखास्त दिने सम्बन्धी सूचना।

### (प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/१२/२१गते)

प्रस्तुत विषयमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी), नेपालको च.न. ३९३, मिति २०८१/१२/१४ गतेको प्राप्त पत्रानुसार रोल्पा जिल्लाको लागि विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम अन्तर्गत निर्धारित ८ (आठ) कोटामा अन्तिम छनौट भएका तपसिलका विद्यालयहरुमा विद्यालय स्वास्थ्यकर्मी पदका लागि यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा दरखास्त पेश गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त नभएको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

तपसिल

| क्र.स. | विज्ञापन नम्बर | पद | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१-२०८१/०८२ | विद्यालय स्वास्थ्यकर्मी | ८ (आठ) | |

रिक्त विद्यालय स्वास्थ्यकर्मी पद र विद्यालयको विवरण

| क्र.स. | पद | विद्यालयको नाम र ठेगाना | कोटा संख्या |
|---|---|---|---|
| १ | विद्यालय स्वास्थ्यकर्मी | सूर्योदय माध्यमिक विद्यालय सुनिलस्मृती-४, रोल्पा | १ |
| | | गोकुल माध्यमिक विद्यालय लुङ्ग्री-२, रोल्पा | १ |
| | | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुनिलस्मृती-८, रोल्पा | १ |
| | | नेपाल माध्यमिक विद्यालय रोल्पा-६, कोटगाउँ, रोल्पा | १ |
| | | रामेश्वरी माध्यमिक विद्यालय सुनिलस्मृती-१, रोल्पा | १ |
| | | बराहक्षेत्र माध्यमिक विद्यालय लुङ्ग्री-५, रोल्पा | १ |
| | | कृष्ण माध्यमिक विद्यालय माडी-२, रोल्पा | १ |
| | | जनसेवा नमूना माध्यमिक विद्यालय परिवर्तन-२, रोल्पा | १ |

***दरखास्त दिने स्थान :*** सामाजिक विकास डिभिजन कार्यालय विजुवार, प्यूठान ।

***दरखास्त दिने अन्तिम मिति :*** २०८२/०१/०४ गते सम्म ।

***दरखास्त फाराम :*** कार्यालयको वेवसाइट https://sddopyuthan.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

***दरखास्त दस्तुर :*** निःशुल्क

२०८१/१२/२१
पुन्य प्रसाद न्यौपाने
नि. कार्यालय प्रमुख

माडी गाउँ कार्यपालिकाको कार्यालय घर्तीगाउँ, रोल्पा
दर्ता नं. ...
दर्ता मिति: ...

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
विजुवार, प्युठान

☎ ०८६-४६०१४३
✉ sddopyuthan@gmail.com
www.sddopyuthan.lumbini.gov.np

प.सं.:- २०८१/०८२
च.नं. :-

*न्यूनतम योग्यता :* मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा ANM/CMA वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्र, दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको नेपाली नागरिक हुनुपर्नेछ।

*दरखास्तका साथ पेश गर्नुपर्ने कागजात :* नेपाली नागरिकताको प्रमाणपत्र, तोकिएको न्यूनतम शैक्षिक योग्यता, वसाईंसराईंको प्रमाणपत्र (वसाईंसराईं भएकाको हकमा मात्र) ।

रीत नपुगेको दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ ।

*परीक्षाको किसिम र आधार :* आवश्यक न्यूनतम शैक्षिक योग्यता वापत २०, अनुभव वापत ५, भौगोलिक वसोवास वापत १० र अन्तर्वार्ता वापत १५ अंक हुनेछ । भौगोलिक वसोवास वापतको अंकको गणना नागरिकतामा उल्लेखित ठेगानाको आधारमा गरिने र यदि नागरिकताको ठेगाना र हाल वसोवासको ठेगाना फरक भएमा सम्वन्धित स्थानिय तहबाट जारी भएको वसाईंसराईंको कागजातको आधारमा भौगोलिक वसोवास वापतको अंकको गणना गरिनेछ ।

*सेवा सुविधा :* मासिक निर्वाह भत्ता: रु १७,०००/- र चाडपर्व खर्च वार्षिक रु ६,०००/-

*पदस्थापनको आधार :* अन्तिम नतिजामा प्राप्त योग्यताक्रमका आधारमा यसै सूचनामा तोकेको विद्यालयमा पदस्थापन गरिनेछ ।

*नोट : थप जानकारीका लागि सम्पर्क नम्बर ०८६४६०१४३ र ९८५७८६८०१४*

२०८१/१२/२१
पुन्य प्रसाद न्यौपाने
प्र. कार्यालय प्रमुख

Scanned with CamScanner